Regd No. 166013/073/074

Sayapatri Hydropower Limited

१३-२०८१/०८२

पब्लिक दर्ता नं. १६६०१३/०७३/०७४
मितिः २०८१/०८/०२

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड,
पुतलीसडक, काठमाण्डौ ।

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार प्लाजा, रामशाहपथ, काठमाण्डौ ।

विषयः हकप्रद शेयर निष्काशन गर्ने बारे ।

महोदय,

उपर्युक्त बिषयका सम्बन्धमा यस कम्पनीको मिति २०८१/०८/०२ मा सम्पन्न ७६ औं सञ्चालक समितिको बैठकबाट कम्पनीको चुक्ता पूँजीको १:१ (एक शेयर बराबर एक शेयर) अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने निर्णय भएको तहाँ समक्ष जानकारी गराउँदछौं ।

संलग्न कागजातहरु:

१. मिति २०८१/०८/०२ मा सम्पन्न ७६ औं सञ्चालक समितिको बैठकको निर्णय उतारको प्रति ।

धन्यवाद ।

भवदीय,

सयपत्री हाइड्रोपावर लिमिटेड २०७३

डा. एक नारायण चापागाई
अध्यक्ष

बोधार्थ,

१. एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौ ।

मिति २०८१ साल मंसीर महिना २ गते तदनुसार २०२४ नोभेम्बर १७ आईतवार अपरान्ह ४:०० बजे यस सयपत्री हाइड्रोपावर लिमिटेडको सञ्चालक समितिको ७६ औं बैठक सञ्चालक समितिका अध्यक्ष डा. एक नारायण चापागाईज्यूको अध्यक्षतामा रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ०७, चावहिल, काठमाण्डौमा बसी भएको निर्णयको उतारः

**बैठकमा उपस्थितिः**

| | | |
|---|---|---|
| (१) | डा. एक नारायण चापागाई | अध्यक्ष |
| (२) | गोपाल प्रसाद निउरे | सञ्चालक |
| (३) | सपिला राजभण्डारी | सञ्चालक |
| (४) | नर बहादुर थापा | सञ्चालक |
| (५) | विराज गौतम | स्वतन्त्र सञ्चालक |
| (६) | दिल बहादुर थापा | सञ्चालक |
| (७) | बिराज सुवेदी | सञ्चालक |

**बैठकको निर्णय नं. (४)**

हकप्रद शेयर निष्काशन गर्ने प्रस्ताव उपर बैठकमा छलफल गर्दा निम्नानुसार गर्ने निर्णय गरियो ।

(क) कम्पनीको चुक्ता पूँजीको १:१ (एक शेयर बराबर एक शेयर) अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने निर्णय गरियो ।

(ख) विद्युत सम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्काशनको पूर्व स्वीकृति तथा नियमन सम्बन्धी निर्देशिका, २०७८ अनुसार कम्पनीको आगामी आठौं वार्षिक साधारण सभा समक्ष हकप्रद शेयर निष्काशन गर्ने प्रस्ताव पेश गर्नका लागि विद्युत नियमन आयोग समक्ष सहमति माग गर्ने निर्णय गरियो ।

(ग) हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने रकम कम्पनीको ऋण तथा दायित्व भुक्तानी गर्न र दरम खोला 'ए' जलविद्युत आयोजनाको मर्मत सुधार गर्नका लागि उपयोग गर्ने निर्णय गरियो ।

(घ) हकप्रद शेयर निष्काशन सम्बन्धी आवश्यक सम्पूर्ण काम कारवाही गर्नका लागि सञ्चालक गोपाल प्रसाद निउरेज्यूलाई सम्पूर्ण अख्तियार प्रत्यायोजन गरियो ।

**प्रमाणित गर्ने,**

सयपत्री हाइड्रोपावर लिमिटेड २०७३

..............................

**डा. एक नारायण चापागाई**

**अध्यक्ष**

**मिति २०८१/०८/०२**